लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
नेपालगंज, बाँके

☎०८१-५५०२८१
website :sddobanke.lumbini.gov.np
Email : sddobanke@gmail.com

प.सं.:- २०८०/०८१
च.नं. :- १६७

मितिः २०८०/१०/१४

श्री स्थानीय तह (सबै)
बाँके र बर्दिया ।

विषयः सूचना टाँस गरि दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय रासी उपत्यका(देउखुरी), नेपालको च.नं. ४९४ मिति २०८०/१०/११ गतेको पत्र, सुचना र कार्यविधि यसै पत्र साथ संलग्न गरि पठाइएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि दिनु हुन अनुरोध छ ।

८०/१४६

उद्धव प्रसाद श्रेष्ठ
निमित्त कार्यालय प्रमुख

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८० माघ ११ गते बिहीबार)

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत प्रत्येक प्रदेशबाट एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीहरूलाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमीहरूको समूहले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा देहायका कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**देहाय :**

**महिला उद्यमी र महिला उद्यमी समूहले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू :**

(क) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यवसायिक इजाजत-पत्र,

(ङ) व्यावसायिक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरूको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने समय (म्याद) समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित प्रदेशको महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयहरूमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मन्त्रालयको **वेबसाइट : www.mowcsc.gov.np** मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**नोट :** ७५३ वटै स्थानीय तह र सातै प्रदेशको उल्लिखित मन्त्रालयले यसै सूचनालाई आधार मानी **महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि**, २०७७ बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अनुरोध गर्दछ।

**स्थानीय तहमा निवेदन दिने समय (म्याद) समाप्त हुने मिति :** २०८० साल माघ २५ गते, बिहीबार कार्यालय समयभित्र।

लुम्बिनी प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं.: ४९४

मिति: २०८०/१०/११

विषय: महिला उद्यमी र महिला उद्यमी समूह सिफारिस सम्बन्धमा ।

श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै),
लुम्बिनी प्रदेश, नेपाल ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. रा.म.उ.स.इ./११७ मिति २०८०।०९।२९को पत्र साथ चालु आ.व.०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तीकरण परियोजना (ब.उ.सि.न. ३४०००१०५) अन्तर्गत प्रत्येक प्रदेशका महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रबिधि सञ्चालन गर्न अख्तियारी पठाउने सन्दर्भमा यस प्रदेशमा कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नाममा रु ४७,००,०००(अक्षरुपी सतचालिस लाख मात्र) को अख्तियारी प्राप्त हुन आएको छ ।उक्त कार्यक्रम कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रबिधि सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७ बमोजिम २० जना महिला उद्यमीहरुलाई प्रति व्यक्ति अधिकतम २ लाख बराबर तथा १ वटा महिला उद्यमी समुहलाई अधिकतम रु ५ लाख प्रबिधि सहयोग उपलब्ध गराउने सम्बन्धी मिति २०८०।१०।११को गोरखापत्र राष्ट्रिय दैनिकमा १५ दिनको सार्वजनिक सूचना समेत प्रकाशित भईसकेको छ।

तसर्थ महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रबिधि सहयोग कार्यक्रम सञ्चालन कार्यबिधि, २०७७ को दफा ४ बमोजिम यस प्रदेशका सबै स्थानीय तहका ईच्छुक महिला उद्यमी र महिला उद्यमी समुहहरुबाट तोकिएको मिति भित्र सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन पेश गर्ने, पेश भएका महिला उद्यमी तथा महिला उद्यमी समुहका निवेदनहरु मध्ये रितपूर्वक सबै कागजात पेश भएका निवेदकहरुलाई म्याद समाप्त भएको मितिले १५ दिन भित्र स्थानीय तहको सिफारिस सहित स्थानीय तहले सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयमा पठाउन र सामाजिक विकास डिभिजन कार्यालयले सबै स्थानीय तहबाट प्राप्त निवेदनहरु दर्ता गरी तपसिलको विवरण समेत तयार गरी सक्कल फाईल समेत मन्त्रालयमा पठाउने व्यवस्थाका लागि यस मन्त्रालयको (नि.सचिवस्तर) मिति २०८०।१०।११को निर्णयानुसार अनुरोध छ ।साथै उक्त सूचनाको प्रतिलिपि र कार्यबिधि समेत यसै साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ।

सा.वि.डि.कार्यालयबाट वित्तिय पहुँच, टेवा पूँजी र प्रबिधि सहयोग कार्यक्रम सञ्चालनका लागि प्राप्त सिफारिस (सा.वि.डि.कार्यालयले भर्ने)

| सि नं | महिला उधमी /उधमी समुहको नाम | ठेगाना | महिला उधमीको नाम | फर्मको प्रकार | माग भएको प्रबिधि | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

बोधार्थ:
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।

..................
शारदा वस्याल
प्र.म.वि.अ

# महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

प्रस्तावना: महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने गर्ने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालीम प्राप्त गरेका उद्यमी बन्न चाहनेहरुलाई प्रोत्साहन गर्न र उद्यमीहरुलाई स्तरोन्नतीका लागि उद्यमशिलता विकास, वित्तीय पहुँच, टेवाँ पूँजी र प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत "महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम" सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यक्रम "भन्नाले महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सम्झनु पर्छ।

(ख) "कोसेली घर वा सौगात गृह "भन्नाले उद्यमीले सञ्चालन गरेका उद्योगबाट उत्पादित सामान सङ्कलन गरी बिक्री गर्ने कक्षलाई सम्झनु पर्छ।

(ग) "टेवा पूँजी" भन्नाले महिला उद्यमीले नँया उद्यम सञ्चालन गर्न वा सञ्चालन भैरहेको /उद्यम व्यवसायलाई विस्तार र स्तरोन्नती गर्न तयार गरिएको व्यवसायिक योजना अनुरूप छनौट भएका महिला उद्यमीलाई प्रदेश मन्त्रालयले अनुदानको रूपमा उपलव्ध गराउने रकम सम्झनु पर्छ ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "प्रविधि" भन्नाले महिला उद्यमीले सञ्चालन गर्ने वा सञ्चालन गरेको उद्यम/व्यवसायलाई स्तरोन्नती गर्न सहयोग पुऱ्याउने र उत्पादित वस्तु तथा सेवालाई गुणस्तरीय बनाउन प्रयोग गरिने मेसिनरी औजार/उपकरणलाई सम्झनु पर्छ ।

(च) "बजार पहुँच" भन्नाले बिक्रेता, क्रेता र उपभोक्ताहरूले प्राप्त गर्न चाहेको कुनै पनि वस्तु तथा सेवाको सरल र सहज आपूर्ति व्यवस्थापन सम्झनु पर्छ ।

(छ) "बजारीकरण "भन्नाले उद्योगबाट हुने उत्पादन, मूल्यनिर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय "भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

नेपाल सरकार
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) "महिला उद्यमी "भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्न चाहने वा लगानी गरेका महिला वा महिला उद्यमी समूहलाई सम्झनु पर्छ ।

(ञ) "कार्यविधि" भन्नाले महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ सम्झनु पर्छ।

(ट) "लक्षित समूह" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको महिला वा महिलाको समुहलाई सम्झनु पर्छ।

(ठ) "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाँउपालिका तथा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रमको उद्देश्यः महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) महिला उद्यमीलाई आवश्यक टेवाँ पूँजी र उपयुक्त प्रविधि सहयोग मार्फत उद्यम/व्यवसाय तर्फ आकर्षित गर्दै महिला उद्यमीको संख्यामा बढोत्तरी ल्याउनु,

(ख) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि पूँजी र प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,

(ग) छनौटमा परेका महिला उद्यमीलाई वित्तीय पहुँच सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु,

(घ) रोजगार, स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउर्नु ।

४. कार्यक्रम सञ्चालनः कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालनका लागि महिला उद्यमी छनौट गर्न राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ र सो सूचनाको जानकारी सवै प्रदेश मन्त्रालय र स्थानीय तहमा गराउनुपर्नेछ।

(ख) खण्ड (क) बमोझिमको सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र स्थानीय तहले आफ्नो स्थानीय तहभित्रको एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(ग) प्रत्येक प्रदेश मन्त्रालयले स्थानीय तहबाट सिफारिस भई आएको मितिले पन्ध्रदिन भित्र महिला उद्यमीहरू मध्ये एक महिला उद्यमी समूह र बीस जना महिला उद्यमीको नाम छनौट गर्नुपर्नेछ।

(घ) प्रदेश मन्त्रालयले उद्यमीको नाम छनौट गर्नुपूर्व स्थलगत अनुगमन गर्न आवश्यक देखेमा प्रदेश मन्त्रालयले स्थानीय तहको प्रतिनिधि सहित अनुगमन गर्न सक्नेछ।

(ङ) खण्ड (ग) बमोजिम छनौट भएका महिला उद्यमीको समूहलाई प्रदेश मन्त्रालयबाट टेवाँ पूँजी र प्रविधि सहयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) खण्ड (ग) बमोजिम छनौट भएका महिला उद्यमीलाई उपलब्ध गराउने टेवा पूँजी, प्रविधि सहयोग, प्रशासनिक तथा विविध खर्चका लागि मन्त्रालयबाट अख्तियारी मार्फत प्रदेश मन्त्रालयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

(छ) छनौट भएका महिला उद्यमी समुहलाई कार्यविधि बमोजिम टेवा पूँजी र प्रविधि प्रदेश मन्त्रालयले उपलब्ध हुनेछ।

(ज) टेवा पूँजी र प्रविधि सहयोग वापतको रकम सम्बन्धित महिला उद्यमीको बैंक खातामा पठाइनेछ।

५. लक्षित समुहः यस कार्यक्रमका महिला उद्यमी छनौट गर्दा देहायका आधारहरु लिनुपर्नेछः-

(क) राष्ट्रपति महिला उत्थान कार्यक्रम र महिला विकास कार्यक्रमबाट सीप विकास तालीम प्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त तालिम प्रदायक संस्था, निकायबाट तालीमप्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ग) हातमा सीप भएका तर तालिम प्रदायक संस्थाको तर्फबाट तालिमको प्रमाणपत्र प्राप्त नगरेका उद्यम/व्यवसाय सञ्चालन गरिरहेका महिला।

६. निवेदन दिनुपर्नेः महिला उद्यमीले दफा ४ को खण्ड (क) बमोजिम सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछः-

(क) उद्योग/ व्यवसाय दर्ता वा नविकरणको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,

(घ) आवश्यकता अनुसार व्यवसायीक इजाजत-पत्र,

(ङ) व्यावसायीक योजना,

(च) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता सहितको ।

७. स्थानीय तहले सिफारिस गर्दा लिनुपर्ने आधारः दफा ६ बमोजिमको व्यावसायीक योजना सहित निवेदन दिएका महिला उद्यमी वा महिला उद्यमी समूह सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा उद्यम/व्यवसाय सञ्चालन गरेका महिला उद्यमी वा महिला उद्यमी समूह,

(ख) तुलनात्मक रुपमा बढी रोजगारी सिर्जना गरेका महिला उद्यमी,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) उद्यम/व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत सहयोग आवश्यक भएका महिला उद्यमी,

(घ) वैदेशिक रोजगारबाट फर्किएका महिला,

(ङ) कोभिड-१९ लगायतका कारण औपचारिक तथा अनौपचारिक क्षेत्रमा रोजगार गुमाएका महिला।

८. <u>प्रदेश मन्त्रालयले छनौट गर्दा लिनुपर्ने आधार:</u> प्रदेश मन्त्रालयले महिला उद्यमी छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

(क) उद्यम/ व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत समस्या भएका,

(ख) स्थानीय तहबाट छनौट भई आएका,

(ग) दफा ७ बमोजिम आधार पुरा गरेका,

(घ) तुलनात्मक रुपमा उपयुक्त व्यावसायिक योजना पेश गरेका,

(ङ) स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय गरेका वा गर्न चाहने,

(च) मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल खेती, होजरी ,कुखुरापालन, पशुपालन, अल्लो तथा ढाका बुनाई, होटल व्यवसाय, मौरीपालन, माछापालन, होमस्टे तथा परम्परागत सीप र प्रविधिमा आधारित महिला वा महिला समूहबाट सञ्चालित उद्योग,

(छ) नवप्रववर्तनकारी उद्यम व्यवसाय सञ्चालन गरेका ।

## परिच्छेद-३

## <u>टेवा पूँजी र खर्च</u>

९. <u>टेवा पूँजी तथा प्रविधि सहयोग:</u> (१) प्रत्येक प्रदेशबाट छनौट भएका महिला उद्यमीलाई दिईने प्रविधि सहयोगको रकमको सीमा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही गरिएको बजेट बाँडफाँटको आधारमा हुनेछ ।

(२) प्रदेश मन्त्रालयले छनौट भएका महिला उद्यमीलाई टेवा पूँजी र प्रविधि सहयोग उपलब्ध गराउदा सम्बन्धित उद्यमीसँग अनुसूची-२ (क) र अनुसूची-२ (ख) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) महिला उद्यमीले माग गरे बमोजिमको प्रविधि महिला उद्यमी वा महिला उद्यमी समुहले स्वयं जडान गर्न चाहेमा प्रदेश मन्त्रालयको पूर्व स्वीकृति लिई आवश्यक प्रविधि बजार मूल्यमा नबढने गरी खरिद गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम उद्यमी स्वयमले खरिद गरेको सक्कलै बिल भरपाई सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रविधि (मेसिन तथा उपकरण) जडानको फोटो समेत संलग्न राखी प्रदेश मन्त्रालयमा शोधभर्नाको लागि निवेदन दिनु पर्नेछ ।

(५) उफदफा (४) बमोजिम निवेदन प्राप्त भएपछि प्रदेश मन्त्रालयले सोको अनुगमन गरी शोधभर्ना दिन सक्नेछन।

११. कार्यक्रम सञ्चालनमा सहयोग गर्ने निकाय: कार्यक्रम सञ्चालनको लागि देहायका निकायहरु सहयोगीको रुपमा रहनेछन:

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

४

(क) नेपाल सरकारका विभिन्न संघीय मन्त्रालय,

(ख) महिला तथा बालबालिका विभाग,

(ग) प्रदेश मन्त्रालयहरु,

(घ) स्थानीय तह,

(ङ) राष्ट्र बैंक,

(च) सरकारी तथा निजी बैंकहरु,

(छ) महिला उद्यमी महासंघ नेपाल,

(ज) लघु, घरेलु तथा साना उद्योग महासंघ,

(झ) स्थानीय र प्रदेशस्तरका लघु उद्यमी लगायतका उद्योग तथा उद्यमीका छाता संगठनहरु।

१२. प्रतिवेदन पेश गर्नुपर्ने: (१) महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग सम्बन्धी कार्यक्रमबाट लाभान्वित महिलाहरुले चौमासिक प्रगति विवरण तयार गरी सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ।

(२) स्थानीय तहले प्रदेश मन्त्रालयमा पठाउने र प्रदेश मन्त्रालयले एकिकृत प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ ।

१३. अनुगमन तथा मुल्याङ्कन: (१) उद्यमीले प्राप्त गरेको टेवा पूँजी र प्रविधिको उपयोगका सम्बन्धमा प्रदेश मन्त्रालयले अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उद्यमीले प्राप्त गरेको प्रविधि र पूँजीको उपयोग सम्बन्धमा सम्बन्धित उद्यमीले प्रगति विवरण अनिवार्यरुपमा प्रदेश मन्त्रालयमा र प्रदेश मन्त्रालयले मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) मन्त्रालय, प्रदेश मन्त्रालय, सम्बन्धित स्थानीय तह र विभागबाट छनौट भएका उद्यमी महिलालाई वितरण हुने टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रममा सहभागी हुने तथा आवश्यकता अनुसार उद्यम/व्यवसायको स्थलगत अनुगमन निरीक्षण र मूल्याङ्कन गरिनेछ ।

(४) टेवा पूँजी र प्रविधि सहयोगको सम्झौता बमोजिम प्राप्त प्रविधिको उपयोग नगरेमा वा प्राप्त प्रविधिलाई पाँच वर्षभन्दा अगावै अरुलाई दिएमा वा बिक्री गरेमा सम्बन्धित महिला उद्यमीबाट प्रविधि वापतको रकम असुल उपर गरिनेछ ।

१४. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू

................. पालिका,

प्रदेश .................

महोदय,

म/मेरो उद्यमी समूहले ........... न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय स्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरउन्नति गर्न टेवा पूँजी प्रविधि प्राप्त गरी पाँउन भनि यो निवेदन पेश गरेको छु/छौ ।साथै प्रदेस मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं।

निवेदक:

नाम, थर:

सम्पर्क नं.

समूहको नाम:

समूह दर्ता नः

दस्तखत:

ठेगाना:

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.

अनुसूची-२(क)

दफा ९ को उपदफा (३) सँग सम्बन्धित

## टेवा पूँजी प्रविधि हस्तान्तरणको सम्झौता

लिखितम्..........जिल्ला..............महा/उपमा/न.पा./गा.पा.वडा.नं.......बस्ने म ..........................(उद्योग दर्ता नं. ......दर्ता मिति...........) सामाजिक विकास मन्त्रालयले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतको महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रमबाट निम्न विवरणको मेसिन/ औजार /उपकरण प्रविधि लिएको छु। मैले बुझेको मेसिन/ औजार /उपकरणहरू आफ्नो उद्योग व्यावसायको प्रर्वद्धन र विस्तारमा प्रयोग गर्नेछु ।उक्त मेसिन/ औजार /उपकरण आजका मितिले पाँच बर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हक हस्तान्तरण गर्ने वा भाडामा दिने छैन ।यो सम्झौता विपरित गरेमा नियामानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छु भनी यो सम्झौता गरीदिएँ।

प्राप्त गरेको मेसिन/ औजार /उपकरणहरूको विवरण

| सि.नं. | मेसिन/ औजार /उपकरणहरूको नाम | परिमाण | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

सामाजिक विकास मन्त्रालयको तर्फबाट

दस्तख:

नाम:

पद:

मिति:

महिला उद्यमीको तर्फबाट

दस्तखत:

नाम:

पद:

मिति:

अनुसूची-२(ख)

दफा ९ को उपदफा (३) सँग सम्बन्धित

## टेवा पूँजी प्रविधि सहयोग सम्बन्धी सम्झौता

लिखितम्.........जिल्ला.............महा/उपमा/न.पा./गा.पा.वडा.नं.......रहेको मेरो समूह ..........................(उद्योग दर्ता नं. ......दर्ता मिति...........)ले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट निम्न विवरणको मेसिन/ औजार /उपकरण प्रविधि लिएको छु। मैले बुझेको मेसिन/ औजार /उपकरणहरू आफ्नो उद्योग व्यवसायको प्रर्वद्धन र विस्तारमा प्रयोग गर्नेछौ ।उक्त मेसिन/ औजार /उपकरण आजका मितिले पाँच बर्ष सम्म कसैलाई पनि बिक्री वितरण वा हक हस्तान्तरण गर्ने वा भाडामा दिने छैनौं ।यो सम्झौता विपरित गरेमा नियामानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छौ भनी यो सम्झौता गरीदियौ ।

प्राप्त गरेको मेसिन/ औजार /उपकरणहरूको विवरण

| सि.नं. | मेसिन/ औजार /उपकरणहरूको नाम | परिमाण | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

सामाजिक विकास मन्त्रालयको तर्फबाट

दस्तखः

नामः

पदः

मितिः

महिला उद्यमी समूहको अध्यक्ष/व्यवस्थापको तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

अनुसूची-३

दफा ९ को उपदफा (५) सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू

सामाजिक विकास मन्त्रालय,

----प्रदेश--

विषयः शोधभर्ना पाँउ ।

महोदय,

म/मेरो समूह यस मन्त्रालयको टेवाँ पूँजी प्रविधि सहयोग कार्यक्रम अन्तर्गत छनौट भई ............ मन्त्रालयको पूर्व स्वीकृति लिई उद्यम/व्यवसायसँग सम्बन्धित ............ मेशिन/उपकरण आफै खरिद गरी जडान समेत गरेको हुँदा सोको सक्कलै बिल भरपाई र मेशिन/उपकरणको फोटो सहित संलग्न गरेको छु/छौ । उक्त बिल भरपाई बमोजिमको म/मेरो समूहले पाउने रू.............. (अक्षरेपी) .............. मात्र भुक्तानी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौं । महिला उद्यमशीलता विकास, वित्तीय पहुँच र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तथा प्रचलित कानून बमोजिम नभएमा सहुँला/बुझाँउला ।

निवेदकः

नाम, थरः

सम्पर्क नं.

समूहको नामः

समूह दर्ता नः

उद्योगको नामः

दस्तखतः

ठेगानाः

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.